# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या : ०७७/०७८ मिति : २०७९/01/१६

चलानी नं. : ८६१

**विषयः-: विषय : निर्देशन कार्यान्वयन गर्ने बारे ।**

**श्री सम्पूर्ण बिद्यालयहरु**

**कुशे गाउँपालिका, जाजरकोट ।**

प्रस्तुत बिषयमा बिद्यालयको नियमित संचालन, गुणस्तरिय पठनपाठन र सुशासन कायम राख्न शैक्षिक सत्र २०७९ मा देहायका निर्देशनहरु पालन गरी, बालबालिकाको पढन पाउने अधिकारलाई सूनिश्चत गर्न सम्पूर्ण बिद्यालयहरुलाई अनुरोध छ ।

**देहाय**

१) सम्पूर्ण शिक्षक ,कर्मचारीहरु यहि जेठ १ गते देखि बिद्यालयमा अनिबार्य उपस्थित भइ बिद्यालयको संचालन तथा पठनपाठन कार्यमा सहभागि हुने ।

२)जेठ १ देखि १० गतेसम्म बिधार्थी भर्ना अभियान संचालन गरी सतप्रतिशत बिद्यार्थी बिद्यालयमा भर्ना गर्ने ब्यबस्था मिलाउने ।

३) बिद्यालयमा रिक्त रहेका पद पूर्ति यथाशिघ्र गर्ने ।

४) बिद्यालयले खरिद गरी ल्याउनु पर्ने पाठयपुस्तक बैशाख २५ गते भित्र ल्याई पुरा सेटमा भर्ना भएका बिद्यार्थीलाई बितरण गर्ने ।

५) बिद्यालयले संचालन गर्नुपर्ने सम्पूर्ण परीक्षाहरु बैशाख २० गते अगावै सकि केही शैक्षिक सुचकहरु (**उपस्थिति दर,उतिर्णदर, टिकाउदर र औषत उपलब्धि** ) निकाली शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउने ।

६) बिद्यालयलाई सधैं सफा सुग्घर, सुरक्षित र हरियाली बनाउने ।

७) बिद्यालय उमेर (४–१६) बर्षका सबै बालबालिकाहरुलाई बिद्यालयको पहुँचमा ल्याई गुणस्तरिय शिक्षाको सुनिश्च्तता गर्ने ।

नि.प्रमुख प्रशासकिय अधिकृत

☎९७५८००३२००, ९७५८००३२०२
E-mail: kusheruralmunicipality@gmail.com

CamScanner

# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थर्पु भार्मा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल
## २०७३

८) निशुल्क , अनिबार्य तथा आधारभूत शिक्षा कार्यक्रम कार्यान्वयनका लागि बिद्यालय तथा वडा तहबाट गरिने तयारी यथाशिघ्र गर्ने ।

९) बिद्यालयको सम्पूर्ण बिबरण स्पष्ट खुल्ने गरी (EMIS) जेठ १० गते भित्र अध्यावधिक गरि राख्ने ।

१०) बिद्यालयको चल अचल सम्पति सुरक्षित राख्ने तथा बाढी पहिरो, हावा हुरी र आगलागीबाट बिद्यालय सुरक्षित राख्ने ।

११) कुशे गाउँपालिकाको गाउँ कार्यपालिका तथा शिक्षा ,युवा,खेलकुद शाखा भार्मबाट प्रकाशित सुचनालाई आधिकारीक सुचना को रुपमा लिनुका साथै राष्ट्रिय परीक्षा बोर्ड र अन्य निकायबाट प्राप्त निर्देशन अनुरुप थप कार्य गर्ने ।

१२) सिकाइ उत्प्रेरणा बढाउने र सिकाइ निरन्तरता कायम राख्न आवश्यक उपाय अवलम्बन गर्ने ।

१३) जेठ महिना भर बिभिन्न शैक्षिक र शैक्षणिक योजनाहरु निर्माण गर्नुका साथै शैक्षिक तथ्यांक तयार गरि प्रकाशन गर्ने ।

१४) बार्षिक परीक्षाको नतिजा बिश्लेषण गरी आवश्यक तयारीका कार्यहरु गर्ने ।

१५) निरन्तर बिद्यार्थी मुल्यांकन पश्चात मात्रै उदार कक्षोन्नति गर्ने र बिद्यार्थीको ब्यक्तिगत फाइल तयार गरि अभिलेख अध्यावधिक गर्ने ।

१६) शैक्षिक क्यालेण्डर निर्माण गरी बिद्यालय संचालन गर्ने ।

१७) शिक्षक कर्मचारीले बिदाको अभिलेख प्रमाणित गरी राख्ने ।

१८) २०७८ को का.स.मू.फारम २०७९ जेठ ३० गते भित्र बिद्यालयमा दर्ता गर्ने र १५ दिन भित्र विद्यालयबाट मूल्यांकन गराई शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउने ।

१९) शैक्षिक सुधारको कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

२०) प्रत्येक आ.व.को भाद्र महिना भित्र सामाजिक परीक्षण सम्पन्न गरी प्रतिबेदन पेश गर्ने ।

२१) बिद्यालयका सम्पूर्ण अभिलेखहरु ब्यबस्थित गरी राख्ने ।

२२) बिद्यालय स्तरीय शैक्षिक सामाग्री कार्यशाला निर्माण गरी सामाग्री संकलन तथा प्रदर्शन गर्ने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

☎९७५८००३२००, ९७५८००३२०२
E-mail: kusheruralmunicipality@gmail.com

CamScanner

# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थर्पु भार्मा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल
## २०७३

२३) आधारभुत तहको कक्षा १–३ मा एकिकृत पाठयक्रमको कार्यान्वयनका लागि कक्षा शिक्षणको ब्यबस्था मिलाउने ।

२४) बालबालिकाको दिवा खाजा बितरण केन्द्रबाट समयमा ढुवानी गर्ने , सफासँग पकाउने र खुवाउने ब्यबस्था मिलाउने ।

२५) यस गाउँपालिकाबाट बिभिन्न समयमा बिद्यालयलाई उपलब्ध गराईएका **स्यानेटरी प्याडहरु** महिला शिक्षक वा सरसफाइ सम्पर्क ब्यक्तिबाट आवश्यकता अनुसार बिना संकोच बिना झन्झट बिद्यालयमा पढने बालिकालाई बितरण गर्ने ।

२६) अख्तियार दुरुपयोग अनुसन्धान आयोग , जिल्ला प्रशासन कार्यालय, शिक्षा बिकास तथा समन्वय इकाइ लगायतका माथिल्लो निकायबाट आएका पत्रको जवाफ तुरुन्त दिने ।

२७) बिद्यालय समयमा शिक्षक, बिद्यार्थी पोशाकको प्रयोग अनिबार्य गर्ने ।

२८) बालबालिकाको पढाइ सुधारकालागि नेट,इन्टरनेट, यूटुव र CUG सिम जस्ता सामाग्रीको प्रयोगमा ब्यापकता ल्याउने ।

२९) कोभिड नियन्त्रण तथा रोकथामका लागि बिद्यालयलाई उपलब्ध गराईएको बजेट तोकिएको शीर्षकमा खर्च गरी बिवरण स्पस्ट राख्ने ।

३०) सबै तह, कक्षाका परीक्षाहरु स्वच्छ , मर्यादित ढंगले संचालन गर्ने ।

**बोधार्थ**

श्री शिक्षा युवा तथा खेलकुद शाखा थर्पू भार्म : उल्लिखित निर्देशनहरुको कार्यान्वयन तथा अनुगमन गर्ने ।
श्री सबै वडा कार्यालयहरु : अनुगमन तथा सहजिकरण गरिदिनु हुन ।
श्री सूचना तथा प्रबिधि शाखा : यो सूचना वेभसाइडमा अपलोड गरी दिनु हुन ।

लाल भक्त शाही
निमित्त प्रमुख प्रशासकीय अधिकृत

☎९७५८००३२००, ९७५८००३२०२
E-mail: kusheruralmunicipality@gmail.com

CamScanner